# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क: ०९९-४१३१२१,
०९९-४१३१२२

प.स:- २०७९/०८०
च.नं.

मिति २०७९।०५।२३

## सूचना पाटीमा सूचना टाँस गरेको मुचुल्का

आज मिति २०७९।०५।२३ गते बिहिबारका दिन जिल्ला निर्वाचन कार्यालय, कंचनपुरको च.नं.५० मिति २०७९।०५।२३ को पत्रसाथ प्राप्त स्थानीय तह निर्वाचन २०७९, को नगरपालिका, गाँउपालिका र जिल्ला समन्वय समितिमा उम्मेदारहरुको खर्च विवरण सार्वजनिक गर्ने सम्बन्धी सूचना थान -१ _स्थानीय तह निर्वाचन २०७९,को नगरपालिका, गाँउपालिका र जिल्ला समन्वय समितिमा उम्मेदार भई कानुनले तोकेको समयावधि ३० दिनभित्र खर्चको विवरण पेश नगर्ने उम्मेदारहरुको नाममा ७ दिनभित्र सफाइ सहितको स्पष्टिकरण पेश गर्ने सम्बन्धी सूचना थान -१ र कानुनले तोकेको समयभित्र खर्चको विवरण पेश गर्ने र नगर्ने उम्मेदारहरुको विवरण थान-१ सम्बन्धी सूचना यस कार्यालयको वेवसाइट र सूचना पाटीमा देहायको उपस्थितिमा टाँस गरियो ।

उपस्थिती

१. पदम बहादुर ठकुराठी, अधिकृत छैठौं, वेदकोट नगरपालिका ।
२. नरबहादुर कार्की, अधिकृत छैठौं, वेदकोट नगरपलिका ।

# बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क: ०९९-४१३१२१, ०९९-४१३१२२


बेदकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिसैया, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

प.स:- २०७९/०८०
च.नं. २८४

मिति २०७९।०५।२३

श्री जिल्ला निर्वाचन कार्यालय,
कञ्चनपुर ।

विषय : सूचना टाँस गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको च.नं.५० मिति २०७९।०५।२३ को पत्रसाथ प्राप्त सूचना यस कार्यालयको वेवसाइट र सूचना पाटीमा टाँस गरिएको मुचुल्का यसैसाथ संलग्न रहेको व्यहोरा अनुरोध गरिन्छ ।

पद्मराज भट्ट
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
कञ्चनपुर

**स्थानीय तह निर्वाचन २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानुनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरुले खर्च विवरण सार्वजनिक गर्ने सम्बन्धी**

अत्यन्त जरुरी सूचना

**प्रकाशन मितिः २०७९।०५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७७ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३०(तीस)दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरुले आफु उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरुले आफु उमेमदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको लिखित जानकारी यस जिल्ला निर्वाचन कार्यालय, कञ्चनपुरलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन आयोग ऐन, २०७७ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेसी सहितको विवरण आयोगको वेवसाइट www.election.gov.np मा, जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी  र सम्बन्धीत स्थानीय तहको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७९/५/२३

जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
कञ्चनपुर

**स्थानीय तह निर्वाचन , २०७९ को नगर कार्यपालिका ,गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानुनले तोकेको समयावधि ३० दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुको नाममा ७ दिनभित्र सफाइ सहितको स्पष्टिकरण पेश गर्ने सम्बन्धि जिल्ला निर्वाचन कार्यालय, कञ्चनपुरको**

**अत्यन्त जरुरी सूचना**

प्रकाशन मितिः२०७९।०५।२३

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बोमोजिम राजनितिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिन भित्र बुझाउनु पर्ने व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतितिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानुनी व्यवस्था रहेको छ ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका , गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भए पछि निर्वाचन खर्चको विवरण बुझाउने यस जिल्लाका उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाहि हुन नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ दफा २६ को उपदफा ४ बमोजिमको आफ्नो सफाइ सहितको स्पष्टिकरण ७ दिन भित्र यस जिल्ला निर्वाचन कार्यालय , कञ्चनपुर वा निर्वाचन आयोग नेपालमा पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानुनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुको नाम नामेसि सहितको विवरण आयोगको वेवसाइट www.election.gov.np मा , यस कार्यालयको सूचना पाटी र सम्बन्धीत स्थानीय तहको सूचना पाटीमा समेत टाँस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७९।५।२२

जिल्ला निर्वाचन अधिकारी

